नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## विकास सहायता समन्वय शाखा

प.सं. २०७५/०७६ (विसस)

चलानी संख्याः ६0

मिति: २०७५।५।१२

विषय : साना विकास परियोजना माग गर्ने तथा सिफारिश गर्ने प्रकृयाका सम्वन्धमा ।

सवै महानगरपालिका/उपमहानगरपालिका/नगरपालिकाहरू
सवै जिल्ला समन्वय समितिहरू
सवै गाउँपालिकाहरू

प्रस्तुत विषयमा भारतीय अनुदान सहायता अन्तरगत संचालन हुने साना विकास परियोजनाहरुको माग गर्दा तपसिल वमोजिमका कागजात पेश गरि आवश्यक प्रकृया पुरा गर्नुपर्ने निर्णय भएको व्यहोरा नेपाल सरकार (सचिवस्तर) को मिति २०७५।५।७ को निर्णयानुसार अनुरोध छ ।,

तपसिल:

१ उल्लेखित कार्यक्रम अन्तरगत स्थानीय तहवाट कार्यान्वयन गरिने निम्न पूर्वाधार सम्वन्धी आयोजनाहरु संचालन गर्न सकिने

क) सडक तथा सडक पुल निर्माण (नयाँ सडक निर्माण तथा माटो पुर्ने काम वाहेक)
ख) ग्रामीण विद्युतीकरण, लघु जलविद्युत, प्रसारण लाईन निर्माण तथा सडक सौर्य वत्ती
ग) विद्यालय भवन , प्रारम्भिक वालविकास केन्द्र (ECD) ,नगर पुस्तकालय सम्वन्धी
घ) अस्पताल ,स्वास्थ चौकी , प्रस्तुती केन्द्र (Birthing Centre) र
ङ) फोहरमैला प्रशोधन केन्द्र

२ प्रस्तावित आयोजनाहरुमा सम्वन्धित स्थानीय तहको कम्तीमा पनि २० प्रतिशत लागत साझेदारी हुनुपर्ने ,

३ आयोजनाको कुल लागत (स्थानीय तहको लागत साझेदारी र मूल्य अभिवृद्धि कर सहित) अधिकतम रु.५ करोडको सीमा भित्र रहनु पर्ने.

४ आयोजनाहरुको प्रस्ताव पेश गर्दा निम्न कागजातहरु पेश गर्नुपर्ने .

क) विस्तृत परियोजना प्रतिवेदन (DPR),
ख) सम्वन्धित स्थानीय तहको लागत साझेदारीको प्रतिवद्धतापत्र ,
ग) पूर्वाधार निर्माणका लागि आवश्यक जग्गाको उपलव्धता सुनिश्चित भएको प्रमाण र
घ) सम्वन्धित गाँउ /नगर कार्यपालिकाको निर्णय र पत्र

बोधार्थ तथा कार्यार्थ :

श्री अन्तराष्ट्रिय सहायता समन्वय शाखा , अर्थ मन्त्रालय
श्री सूचना प्रविधि शाखा ,सं.मा.तथा सा. प्र. मन्त्रालय - (Website मा सूचना अपलोड गरिदिन हुन )

(लेखनाथ भट्टराई )
शाखा अधिकृत